म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

वर्ष:१५ अङ्क:- ९६ २०८० फागुन १२ गते शनिबार 24 February 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## हिउँदे अधिवेशन आह्वान

हेटौंडाः बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले प्रदेशसभाको हिउँदे अधिवेशन आह्वान गर्नुभएको छ। प्रदेश प्रमुख शर्माले शुक्रबार एक सुचना जारी गर्नुहुदै प्रदेशसभाको तेह्रौं अधिवेशन बोलाउनुभएको हो। प्रदेश प्रमुख शर्माले फागुन १५ गते मंगलबार दिनको ३ बजेका लागि प्रदेशसभाको बैठक आह्वान गर्नुभएको हो। बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुख शर्माले नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको अधिवेशन बोलाउनुभएको हो। साढे ४ महिनादेखि सञ्चालन हुन नसकेको प्रदेशसभाको हिउँदे अधिवेशन फागुन १५ गतेलाई बस्ने भएको हो। प्रदेश सरकारको मंगलबार बसेको मन्त्रिपरिषद बैठकले फागुन १५ गतेका लागि हिउँदे अधिवेशन आह्वान गर्ने निर्णय गरेको थियो।

### ठेकेदार जनप्रतिनिधिलाई मनहरीका पाँच दलको प्रश्न

# पुल कहिले बन्छ ?




*ठेकेदार जनप्रतिनिधि ईन्द बानियाँको फोटो देखाएर विरोध गर्दै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मनहरी गाउँपालिकामा पुलको ठेक्का लिएर समयमा काम सम्पन्न नगरेको भन्दै पाँचदलले विरोध प्रदर्शन गरेका छन। शुक्रबार नेकपा एमाले, नेकपा माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेकपा एकीकृत समाजबादी पार्टीले ठेकेदारको फोटो नै राखेर बिरोध प्रदर्शन गरेका हुन्।

मनहरीमा ४ वटा पक्की पुल निर्माणका लागि ठेक्का पाएको बानियाँ निर्माण सेवा कम्पनी र एक वटा पक्की पुल निर्माणको लागि ठेक्का पाएको भैरव ज्ञानी देवि कम्पनीले काम समयमा नै नसकेको भन्दै विरोध प्रदर्शन गरेका हुन्। विरोध प्रदर्शनमा बागमती प्रदेशका प्रदेश सभा सदस्य इन्द्रबहादुर बानियाँ, मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती र ठेकेदार शिव चौलागाईको फोटो व्यानरमा राखेका छन्। पुल निर्माण गर्नका लागि ठेक्का लिएका कम्पनिले काममा ढिलासुस्ती गरेको, तोकिएको समयमा काम सम्पन्न नगरेको लगायतका मागहरु राख्दै प्रदर्शन गरिएको नेकपा एमाले मनहरी गाउँपालिकाका अध्यक्ष नविन सुवेदीले जानकारी दिनुभयो। यस्तै, गाउँपालिकाको अस्पताल निर्माणमा कामसला समान प्रयोग गरेको, जिल्ला समन्वय समितिले कारबाही गर्नुभनेको क्रसर व्यवसायीहरुको १६ करोड रकम मिनाह गरेको, पाडी वितरणमा अनियमितता गरेको र गाउँपालिका अध्यक्षले चड्ने गाढीमा तेल, मर्मत खर्च पालिकाको भएको भन्दै पाँच दलले बिरोध प्रदर्शन गरेको हो।

यता, गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले पुल निर्माणका लागि आईई गर्दा नै स्थानिएको जग्गा परी विवाद भई जनताको अवरोध, निकुञ्जले निर्माणका लागि आवश्यक ढुङ्गा, गिट्टी र वालुला प्रयोग गर्न नदिने र विभिन्न कारणले पुल निर्माणमा ढिलाई भएको बताउनुभयो। पुल निर्माणको ठेक्का पाएको बानियाँ निर्माण सेवा कम्पनीका ठेकेदारलाई बोलाएर २ महिना भित्र काम गर्ने सहमतीमा हस्ताक्षर भएको अध्यक्ष कालाखेतिले बताउनुभयो। एउटा पुल निर्माण गर्ने ठेक्का पाएको भैरव ज्ञानी देवि कम्पनीको ठेकेदार फरार रहेकोले कम्पनीका अन्य ठेकेदारहरुलाई ल्याएर काम गराउने प्रक्रियामा रहेको बताउनुभयो। पाडी वितरणमा पालिकाले कुनै अनियमितता नगरेको बताउँदै उहाँले भन्नुभयो, "हामीले पाडी वितरणमा अनियमितता गरेका छैनौं, ६ वटा पाडी साना परेकोमा, आर्को ६ वटा पाडी थप गरी विपन्नको लागि दिइएको छ।"

अस्पताल निर्माणमा कमसल काम भएको भन्ने आफुले जानकारी पाएपछि पालिकाबाट प्राविधिक लगेर जाँच गर्दा कमसल समान प्रयोग गरेको फेला परेपछि वाल भत्काएर पुनः बनाउन लगाएको जानकारी दिनुभयो। पालिकाले क्रसरलाई छुट दिएको भन्ने प्रशंगमा उहाँले भन्नुभयो, "पालिकाले जिल्ला समन्वय समितिले गरेको निर्णयमा छुन दिन सक्दैन, जरिवाना गर्दा पालिकाको राजस्वमा नै थप हुने हो, मैले कुनै निर्णय गरेर क्रसर लाई छुट दिएको छैन, क्रसरको विषयमा पहिले नै पत्रकार सम्मेलन गरेर जानकारी गराएको छु। पालिकाले गरेको कामलाई आरोप पत्यारोप लगाउने काम भएको छ।" यस्तै, अध्यक्ष कालाखेतिले आफुले सर कारी गाढी नचडी आफ्नै व्यक्तिगत गाढी चडेर जनताको सेवा गर्दै आएको बताउँदै पालिकाको सेवा सुविधा आफुले लिने तर गरिब जनतालाई दिने गरेको जानकारी दिनुभयो। उहाँले आफ्नो व्यक्तिगत कामको लागि पालिकाको तेल खर्च नगरेको र जनताको काममा जाँदा राज्यबाट आउने सेवा सुविधा लिएको जानकारी दिँदै आफुले प्रयोग गरेको सेवा सुविधाको हिसाब सार्वजनिक गर्ने समेत बताउनुभयो। पुल निर्माण जरिरहेको अवस्थामा गएर कामदारलाई थम्काउने काम गरेकोले कामदारले नै काम छाडेर बसेको समेत जानकारी दिनुभयो।

#### लोकतन्त्रमा चरित्र हत्या गर्ने काम भयो

यता प्रदर्शनकारीहरुले आफ्नो फोटो ब्यानरमा राखेर लोकतन्त्रमा चरित्र हत्या गर्ने काम भएको बगमती प्रदेशका प्रदेश सभा सदस्य इन्द्रबहादर बानीयाँले बताउनुभएको छ। पुल निर्माणको ठेक्का पाएको बानियाँ निर्माण सेवा कम्पनीसँग आफ्नो कुनै सम्बन्ध नभएको उहाँले दाबी गर्दै भन्नुभयो, "कम्पनीमा मेरो नाम छैन, अतिरञ्जित कार्य भइरहेको छ, नाताले भतिजाहरुको कम्पनी भएकाले म आफैंले पुल निर्माण छिटो गर्न भनेको छु, बदनीयत ढङ्गले आरोप लागाउने काम भएको छ।" राजनीतिमा छवि विगार्ने कार्य भइरहेको उहाँले बताउनुभयो। पुल निर्माणको कार्य सकिन लागि सकेको बताउँदै निर्माण कार्य सम्पन्न हुने समयमा अस्वभाविक प्रस्तुत भएको बताउनुभयो।

# उद्योगमैत्री वातावरण भएनः प्रदेश प्रमुख शर्मा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले देशमा उद्योगमैत्री वातावरण निर्माण हुन नसकेको बताउनुभएको छ। शुक्रबार नेपाल उद्योग महासंघ बागमती प्रदेशको सातौं प्रदेश सभालाई सम्बोधन गर्दै प्रमुख शर्माले संविधान निर्माण भएको यतिको समय हुँदा समेत देशमा उद्योगमैत्री नीति निर्माण नभएको बताउनुभएको हो।

देशमा औद्योगिक ऐन निर्माण हुन नसक्नु विडम्बना भएको उहाँको भनाई छ। उद्योग, व्यवसाय देशको अर्थव्यवस्थाको ठूलो हिस्सा भएको बताउनुहुँदै उहाँले भन्नुभयो, "देशमा वैदेशिक लगानी भित्र्याउने माध्यम उद्योग हो, उद्योगले देशको अर्थ व्यवस्थाको ७७ प्रतिशत हिस्सा ओगटेको छ, पछिल्लो समय उद्योगमा देखिएको समस्या राष्ट्रिय विडम्बना हो।" उद्योगले उत्पादनमा जोड दिएर राज्यको आय वृद्धिको योजना बनाएर जानुपर्नेमा जोड दिनुभयो।

पछिल्लो समय उद्योगीहरुको व्यापक गुनासो आएकोले उद्योगहरुले समस्या समाधानको उपाय समेत लिएर राज्यसँग समन्वय गर्नुपर्ने उहाँको भनाई रहेको छ। वर्तमान समयमा राज्यको व्यापार व्यवसाय लम्पट उद्योगीको हातमा गएकोले उद्योगमा गिरावट आउन थालेको प्रदेश प्रमुख शर्माले बताउनुभयो। राज्यले राष्ट्रिय औद्योगिकीकरण संरक्षण गर्न नसकेको बताउँदै राज्यले ध्यान दिनुपर्ने बताउनुभयो। देशमा पछिल्लो समय युवा शक्ति वैदेशिक रोजगारीमा लाइन हुँदा धैरै पैसा बिदेशमा पलायन भएकोले त्यासलाई कम गर्न आवश्यक रहेको उहाँको भनाई छ।

यस्तै, कार्यक्रममा बागमती प्रदेश कृषि तथा पशुपन्छि विकास मन्त्रालयका सचिव राजेन्द्र कोइरालाले देशले अर्थशास्त्र प्रवेश गराउन नसकेको बताउनुभयो। साना उद्योग, कृषि क्षेत्रबाट पनि उत्कृष्ट उपलब्धी हासिल भएको बताउँदै नेपालले चियमा ८ क्षेत्रमा पुरस्कृत भएको बताउनुभयो। उहाँले भन्नुभयो, "देशमा कृषि क्षेत्र, निजि क्षेत्र र सरकारी क्षेत्रमा केही अवरोधहरु रहेको छ, निजि क्षेत्रमा धैरै चुनौति रहेको छ, जसले कृषि क्षेत्रले खासै उद्योगलाई सहयोग गरेको देखिँदैन, बागमती प्रदेशमा ६१ लाख जनसख्या रहेको छ, जसमा प्रदेशले १ करोड ६० लाख मानिसलाई पाल्नुपरेको छ, त्यसमा धैरै मानिसले रोजगारी समेत पाएका छन्।" कृषि व्यवसायसँग निजी क्षेत्र, उद्योग जोडिन आवश्यक रहेको उहाँको भनाइ छ।

कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघका सुरकृष्ण वैद्यले प्रदेशको भवन निर्माणका लागि महासंघले २० लाख दिने नीति लिएको बताउनुभयो। पछिल्लो समय उद्योगी, व्यवसायीले आर्थिक समस्या झेल्दै आएको बताउँदै ३ वर्षमा तिर्नुपर्ने व्याज १ वर्षमा नै तिर्न पर्दा उद्योगी आर्थिक मारमा परेको धारणा राख्नुभयो। बैंकले अनियमीत रुपले ब्याजदर बढाउँदा उद्योगी मारमा परेकोले अब ब्याज तिर्न नसक्ने उहाँको भनाई छ। सरकारले उद्योगी, व्यवसायीलाई प्रोत्साहन गर्न नसकेको बताउँदै अझै बजार चलायमान नभएको उहाँको भनाई छ। अब सरकारले कृषि क्रान्ति गर्न आवश्यक छ। राज्यले दिने अनुदान वर्तमान समयको आधारमा हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

सरकारले भूमि बैंक नीति ल्याउन आवश्यक रहेको उहाँको भनाई छ। पछिल्लो समयमा उद्योगीहरुले पैसा उठाउन नसक्दा समेत राज्यले सहयोग गर्न नसकेको बताउँदै अन्य देशमा उद्योग नीति बन्दा, उद्योगीलाई राज्यले सहयोग गर्दा देशको अर्थतन्त्र दुई गुणाले वृद्धि भएको बताउनुभयो। राज्यले उद्योगीलाई कुनै सुविधा नदिए तापनि मर्यादा दिन सक्नुपर्नेमा उहाँले जोड दिनुभयो। देशको ८० प्रतिशत डिजिपिमा उद्योगले योगदान गरेको तर सरकारले उद्योगिलाई समेट्न नसकेको उद्योगीहरुको गुनासो रहेको छ। उद्योगबाट उत्पादित बस्तुले बजार पाएको छैन। राज्यले मौलिक उत्पादनलाई प्रोत्साहन गर्न सकेको छैन।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल उद्योग महासंघका केन्द्रीय सदस्य प्रयास कार्कीले स्थानीय उत्पादन भन्दा आयातमा जोड दिनुपर्ने बताउनुभएको छ। राजनैतिक अस्थिरताको कारणले निजि क्षेत्रको विकास हुन नसकेको बताउँदै राज्यले पुँजिगत खर्चभन्दा चालुगत खर्च धैरै गरेको बताउनुभयो। सरकारले उद्योगी, निजी क्षेत्रलाई हेर्ने दृष्टीकोण बदल्नुपर्नमा जोड दिँदैसरकारले उद्योगलाई अभिन्न अंग भनेर हेर्न जरुरी रहेको बताउनुभयो। सरकारले निजीक्षेत्र, उद्योगी व्यवसायीसँग आर्थिक बहस गर्न आवश्यक रहेको बताउनुभयो। नेपाल सरकारले करदातालाई सम्मान गर्न आवश्यक रहेको उहाँको भनाइ छ। नेपाल सरकारले वैज्ञानिक करदाता प्रणाली लागु गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेपाल उद्योग महासंघ बागमती प्रदेशका अध्यक्ष दिलसुन्दर श्रेष्ठले देशमा विभिन्न महामारी, कोभिड १९ जस्ता समस्याले उद्योगमा असर पारेको बताउनुभयो। आर्थिक अवस्था सुचारुसँगै व्याजदर घट्दै गएको बताउँदै देशमा अर्थतन्त्रको स्थिति सुधार हुँदै गएको श्रेष्ठले बताउनुभयो। अर्थतन्त्र सुधार भए तापनि आन्तरिक अवस्था सुधार हुन नसकेको बताउनुभयो। सरकारले निजि क्षेत्रमा लगानी गर्न, उद्योगीलाई प्रोत्साहन गर्न पर्नेमा उहाँले जोड दिनुभयो। आन्तरिक उत्पादनलाई प्रोत्साहित गर्न सरकारले, राष्ट्र बैंकले प्रोत्साहित गर्नुपर्ने उहाँको भनाइ छ।

# उपमहानगरले दियो सिफारिस



समाज संवाददाता

हेटौंडाः शिक्षक पदपूर्तिको प्रक्रियामा हेटौंडा उपमहानगरपालिकाले सिफारिस दिन रोकेको समाचार प्रकाशन भएलगत्तै उपमहानगरले सिफारिस दिएको छ। उपमहानगरपालिकाको कार्यालय अगाडि नै रहेको सिद्धार्थ माविको गत कात्तिक महिनादेखि रिक्त दरबन्दीमा शिक्षक पदपूर्ति गर्नका लागि शिक्षा विकास तथा समन्वय इकाईलाई सिफारिस नदिएर विद्यालयलाई समस्या भइरहेको समाचार बिहिबार समृद्ध समाज समाजको अनलाइन संस्करणमा प्रकाशित भएको थियो।

समाचार प्रकाशित भएलगत्तै बिहिबार दिउँसो हेटौंडा उपमहानगरपालिकाको विज्ञ सल्लाहकार कृष्ण धितालले सिद्धार्थ मावि व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरेलाई फोन गरेर सिफारिस पत्र लिन आउन जानकारी गराउनुभएको सिद्धार्थ माविका प्रधानाध्यापक मोहनप्रसाद शर्माले जानकारी दिनुभएको छ। सिद्धार्थ माविमा प्रावि तहका ३ जना शिक्षकको दरबन्दी रिक्त छ।

गत पुसमा एकजना शिक्षकको अनिवार्य अवकास र गत माघमा दुईजना शिक्षकले स्वेच्छिक अवकास लिनुभएको थियो। स्थायी दरबन्दी रिक्त हुँदा विद्यालयको नियमित पठनपाठनमा समस्या भइरहेको छ। कक्षा १२ सम्म पठनपाठन हुने सिद्धार्थ माविमा दुई हजार दुई सय ६७ जना विद्यार्थी अध्ययनरत छन्। सिद्धार्थ माविमा रिक्त रहेको ३ सहित ३६ जना स्थायी दरबन्दीका शिक्षक छन् भने निजी स्रोतका १४ जना शिक्षक कार्यरत छन्। यस्तै विद्यालयले १२ जना कर्मचारी निजी स्रोतका छन्।

# बकैया कला-साहित्य महोत्सव सुरु



*बकैया कला-साहित्य माहोत्सवको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री ।*

समाज संवाददाता

शिखरपुर (बकैया): झरना साहित्यिक परिवार मकवानपुरको आयोजनामा बकैया कला-साहित्य महोत्सव सुरु भएको छ। बकैया गाउँपालिका-९, शिखरपुरस्थित कालीदेवी माविमा शुक्रबार गाउँपालिकाका उपाध्यक्ष भक्त बहादुर खत्रीले महोत्सवको उद्घाटन गर्नुभयो। झरना साहित्यिक परिवार मकवानपुरका अध्यक्ष विश्वनाथ सञ्जेलको अध्यक्षतामा भएको कार्यक्रममा वडाअध्यक्ष टंकध्वज लोप्चन, सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेको पनि आतितथ्य रहेको थियो।

महोत्सव शुक्रबार र शनिबार दुई दिन सञ्चालन हुनेछ। झरना साहित्यिक परिवारको ३०० औं साहित्य शृङ्खला तथा ३१ औं वार्षिकोत्सव समारोह समेत एकसाथ आयोजना हुँदैछ। पहिलो दिन शुक्रबार गाउँपालिकाका विद्यालयका विद्यार्थीको सहभागितामा कविता प्रतियोगिता र चित्रकला प्रतियोगिता समेत भएको छ। कविता प्रतियोगितामा कालिदेवी मावि, गीतावर आधाभूत विद्यालय, जनक मावि, बुद्ध मावि र महेन्द्र माविका १६ जना विद्यार्थी सहभागी छन्। यस्तै चित्रकलामा बकैया ठाकुर, कालिदेवी मावि, जनक मावि, बुद्ध मावि, गीतावर आधारभूत विद्यालय, महेन्द्र मावि, बाघभैरव मावि, बाघभैरव आधारभूत विद्यालय, कर्मप्राप्ती मावि र प्रभात माविका ४५ जना विद्यार्थी सहभागी छन्।

विद्यार्थीले नृत्यकला समेत प्रस्तुत गरेका छन्। दोस्रो दिन शनिबार झरनाले विविध सम्मान समर्पण, पालिका अध्यक्षलाई प्रश्न कार्यक्रमको भिडियो प्रदर्शनी, कविता वाचन कार्यक्रम हुनेछ। महोत्सव आयोजनाका लागि गाउँपालिकाले ४ लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरेको छ। बकैया गाउँपालिकाले कला सहित्य प्रतिष्ठान समेत गठन गरेको छ। २०५० साल फागुन १२ गते स्थापना भएको झरना साहित्यिक परिवारले विविध साहित्यिक क्रियाकलाप गर्दै आएको छ।

# विनयको दिन



**✍ सम्पन्न विडारी**

विनय र सिर्जना अस्पतालबाट घर फर्के । म समय समयमा किन अस्पताल जानु पर्छ ? मलाई के भएको छ ? विनयले भन्यो । ह्या अहिले म हतारमा छु भाइलाई लिएर अर्कै ठाउँ जानु छ, म पछि भन्छु, सिर्जनाले भनि । सिर्जना गएँ पछि गीता (म पात्र) घरमा आइपुगिन् । विनयले बाल्कोनिबाट घरमा कोही छैन भन्डो । तिमी छौ त गीताले भनि । यो सुनेर विनयले तल गएर ढोका खोल्यो । दुवै जनाले केही समय कुरा गरे । गीताले विनय उपहार दिएर गर गई । पछि सिर्जना घरमा आउँदा बेलुका भयो । सिर्जना खाना पकाउँदा पकाउँदै अन्जुको भिडियो कल आउँछ । सिर्जनाले फोन उठाइ, दुवै बोल्न थाल्छन् । अन्जुले विनयलाई कस्तो छ भनेर सोधि । विनयले उसलाई आज सबैले मतलब गरेको देख्दा खुसी लाग्यो । अचानक चोर चोर आवाज सुनियो । विनय बाहिर गयो । एउटा चोरको पछाडि २ जना मान्छे समात्न कुदिरहेको थिएँ । विनयले ढुङ्गा लिएर ३ तला माथिबाट ठ्याक्कै चोरको खुट्टामा हान्यो । चोर बग्लङ लड्यो र चोरलाई समातियो । टोल भरिका मान्छेले विनयको प्रशंसा गर्यो । विनय त हिरो भए छ नि त भनेर सृजनाले भनिन् । आज मेरो खुसीको दिन रहेछ भनेर विनयमले मनमनै सोच्यो ।

*कक्षा ६, नवोदय शिशु सदन*

# सरस्वती पूजा



**✍ श्रेजल सुवेदी**

२०८० साल फागुन २ गते सरस्वती पूजाको दिन म ६:३० मा उठेँ । मैले हातमुख धोएर नुहाएँ । त्यसपछि सफा लुगा लगाएर म मेरो बाबा र भाइसँग विद्यालय गएँ । त्यहाँ साथीहरू पूजा गर्न लाइनमा उभिरहेका थिए । त्यहाँ बालबालिकाहरूलाई अक्षरारम्भको व्यवस्था पनि थियो । विद्यालयमा साना-साना भाइबहिनीहरूले लेखिरहेका पनि थिए । मैले पूजा गर्न लाइनमा बसेको करिब २० मिनेटपछि मेरो पालो आयो । मैले फुल, अक्षता र धुपबत्तीले सरस्वती माताको पूजा गरेँ ।

मलाई शिक्षकले टीका लगाइदिनु भयो र प्रसाद खाएँ । त्यहाँ मुहार चित्रकलाको पनि व्यवस्था थियो । करिब ९:३० मा गुरुआमाले मेरो मुहारमा पुतलीको चित्र बनाई दिनुभयो । त्यहाँ कलाको प्रदर्शनी पनि भएको थियो । मैले त्यो कलाको अवलोकन गरेर घर फर्किएँ । घरमा गएर खाना खाएँ । टिभी हेरेँ । अनि फेरि गृहकार्य गर्न बसेँ । दिउँसो १ बजेतिर मेरो गृहकार्य सकियो र त्यसपछि मैले खाजा खाएँ । २ बजेतिर खेल्न गएँ । ४ बजेतिर मैले नेपाली र कम्प्युटर विषय पढेँ । ६ बजेदेखि ७:३० सम्म मैले साथीको घरमा गएर पढेँ । अनि घर आएँ । खाना खाएँ र ९ बजे सुते ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# पिप्ले-क्याम्पा रंगशालाको अवलोकन प्रतिवेदन



**✍ सम्राट यादव**

हामी अवलोकनका लागि गएको ठाउँको नाम पिप्ले-क्याम्पा रंगशाला हो । यो रंगशालामा राष्ट्रियस्तरको खेलकुद कार्यक्रम सञ्चालन हुन्छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ५ पिप्लेस्थित पिप्ले-क्याम्पा रंगशाला अवलोकनमा रीता गुरुआमा, सरिता गुरुआमा सन्ध्या गुरुआमा, वीना गुरुआमा, उमेश गुरू र हामी कक्षा ४ का ३ वटै सदनका विद्यार्थी । हामी मिति २०८०/१०/२६ गते विद्यालयदेखि क्याम्पाडाँडा रंगशालासम्म गयौं । भ्रमणको योजना स्वास्थ्य शिक्षकले गर्नु भएको हो । भ्रमणको मुख्य उद्देश्य खेल खेल्नु थियो ।

अवलोकनका क्रममा जाँदै गर्दा बाटोमा मैले देखेको सडकको दायाँ-बायाँ फूलहरूको बोट र माछापालानका कार्यालय पनि देखेँ । म अवलोकनका लागि गएको ठाउँ खेलकुद कार्यक्रम हुने हुँदा प्रसिद्ध रहेछ । मलाई त्यो ठाउँ राम्रो लाग्यो । त्यस ठाउँमा खुलाचौर रहेको, वरपर बस्ने ठाउँको व्यवस्था रहेको, मानिसहरूलाई खेल हेर्ने बस्ने वातावरण रहेको, रंगशालादेखि दक्षिणतर्फ कर्रा खोलाले वातावरण अझै राम्रो बनाएको छ । शौचालयको राम्रो व्यवस्था भएको, अवलोकनका क्रममा त्यस ठाउँमा मैले ठूलो ठूलो भवनहरू देखेँ । फूलहरूको बोट देखेँ । ठूलो मैदान देखेँ । म र मेरा साथीहरूले त्यस ठाउँमा गएर चम्चा दौड, दौड, व्याडमिन्टन, फुटबल र स्किपिङ्ग आदि खेल क्रियाकलाप गर्‍यौं । मलाई त्यहाँसम्म जान ड्राइभर दाइ, दिदी र विद्यालयका शिक्षकले सहयोग गर्नुभयो । त्यस ठाउँमा मानिसहरू खेलकुद क्रियाकलापका लागि जान गर्दछन् ।

म त्यहाँ गएर सिकेको कुराहरुः- अनुशासित खेल खेल्नु र बस्नु पर्छ । शान्त भएर खेल हेर्नु पनि पर्छ । मलाई त्यस ठाउँको बारेमा राम्रो लागेको कुराहरुः- त्यस ठाउँमा खुलाचौर रहेछ । नदी पनि राम्रो लाग्यो । ३ वटा शौचालय, माथि बसेर खेल हेर्दा अझै राम्रो देखिन्छ । पहाडपट्टी हेर्दा पहाड हरियो देखियो । मैले सुधार गर्नुपर्ने कुराहरू सर सफाई गर्ने, शौचालया पनि सफा गर्नुपर्ने, बस्ने ठाउँको अझै राम्रो व्यवस्था गर्नु पर्ने भन्ने लागेको छ ।

*कक्षा-४*
*बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*


बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# चित्रकला







**निरोज मोक्तान, कक्षा-७**
**श्री कमला आबि. हेटौडा-१८ ,दोभनचौर**






**अनुशन्स श्रेष्ठ**
**नबोदय शिशु सदन, कक्षा -२**





**दिपेन सन्जेल, कक्षा-४**
**श्री कमला आबि. हेटौडा-१८ ,दोभनचौर**





**सुयोग श्रेष्ठ**
**कक्षाः- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**

# निर्बुद्धि

*लघुकथा*




**✍ ध्रुवराज थापा 'पुरुष'**

सबै रूख चढी न्यानो घामको पार ताप्दै बैठक सुरु भयो । सभापतिले सबैलाई बैठकमा स्वागत गर्दै प्रश्न राखे, "आजको बैठकको मुख्य एजेण्डा भनेको हामीलाई खानेकुराको अभाव हुँदै गएको छ, अब त्यसको समाधान कसरी गर्ने होला ? सबैले पालैपालो आफ्नो धारणा राख्नुहोला ।"

सभापति ढेडु बाँदरको कुरा सुनेर पाङ्रे बाँदरले आफ्नो जिज्ञासा राख्यो, "हो हामीलाई अब बाँच्नै गारो हुने भयो, अहिले आधा पेट खाएर बाँच्नु परिरहेको छ । पहिले पहिले हाम्रा हजुरबाको पालामा खाएरै नसकिने फलफूल जङ्गलभरि पाइन्थ्यो रे !"

खैरे बाँदरले उपाय निकाल्यो, "यी मान्छेहरूले केही नफल्ने बिरुवा भन्दा थरिथरिका फलफूलका बिरुवा वृक्षारोपण गरेको भए कति राम्रो हुन्थ्यो, हामीले पनि अघाउन्जेल खान पाउँथ्यौं, उनीहरूले पनि खान पाउँथे ।"

उसले अगाडी थप्यो, "त्यसो होइन अब हामीले मान्छेका घरघरमा गएर उनीहरूका खानेकुरा खोसेर भए पनि खानुपर्छ ।"

ढेडुले जवाफ फर्कायो, "खान्छौ ? उता मान्छेले हामी बस्ती नजिक आएको चाल पाएर जङ्गलका सबै रूख काट्ने निर्णय गरिसके !"

फिस्टे बाँदरले रूखको हाँगो हल्लाउँदै अचम्म मानेर प्रश्न गर्‍यो, "हैन, बाँदर हामी हौं कि तिनीहरू ?"

*(स्रोतः साहित्यपोष्ट)*

# टुहुरा

*गजल*



**✍ रमा तिमल्सिना अधिकारी**

सक्ने भए तिम्रा लागि के मात्रै गर्थें होला
मेरो आयु जिउने भए, म आजै मर्थें होला

कति पुकार गरे ईश तिम्रो जीवन फुलोस् भनी
सक्ने भए तिम्रो पथमा फूलैफूल छर्थें होला

गल्ती गरे भगवानले तिम्रो यस्तो संसार रची
हुने भए ईश बनी, तिम्रो संसार भर्थें होला

नियास्रियौ होला कति माया र आशीर्वाद खोज्दै
दिएर हुने भए आफ्नै मातृत्वले भर्थें होला

कति याम बितिसक्यो शिशिरमा खेल्दाखेल्दै
मैले गर्दा हुने भए वसन्तमा झार्थें होला

सक्ने भए तिम्रा लागि के मात्रै गर्थें होला
मेरो आयु जिउने भए, म आजै मर्थें होला ।

बस्टन

# यो संसार



✍सुग्रीशा न्यौपाने

कति सुन्दर हुन्थ्यो होला है यो संसार
यदि यहाँ म र म मात्र भएको भए ?
जहाँ म एक्लै आफैँसँग रमाउन पाएको भए
जहाँ हासी हासी पनि जीवन बितेर जाने भए

रुखै रुखले त्यो संसार सजाउँदा
पानीका थोपासँग एक्लै रमाउँदा
मनको पीडा मनमा मात्र नलुकाउँदा
कति सुन्दर देखिन्थ्यो होला है यो संसार
यदि यहाँ अरु कोही नभएको भए

खोज्दै छु म त्यो संसार अहिले
जहाँ म भए अरु कोही नभए
हावा सँगसँगै कतै उडी जान्थ्यो
प्रकृतिको सुन्दरता हेरेर बस्थेँ

*कक्षा-९, नवोदय शिशु सदन, हेटौँडा-४*

# भाइ-बहिनी हो



✍राधिका तितुङ

हेर मेरा भाइ-बहिनी हो राम्रोसँग पढ्नु
धेरै पढी ठुलो मानिस सफल भई बन्नु ।

बुबा आमा दुःख गरी गर्नुहुन्छ खर्च
उहाँहरुलाई सम्मान माया हामीले गर्नु पर्छ ।

राम्रोसँग पढेर शिक्षा पूरा गरौं
हाम्रो देश नेपाललाई रङ नै रङले भरौं ।

ठुलालाई आदर गरौं सानालाई माया
हाम्रो अघि नपरोस् है अन्धकारको छायाँ ।

हामी सबै भाइ-बहिनी एकै जुट भई,
राम्रोसँग पढ्नु पर्छ विद्यालय गई ।


नम्र बोली अब हामीले बोल्दै जानु पर्छ
एक न एकदिन जसरी नि हामी मर्नु पर्छ ।

कतिले त भाइ-बहिनीलाई पिट्ने, कराउने गर्छन्
तर पनि बालबालिकाको मन कोमल हुन्छन् ।

कति जना बालबालिकाको बालविवाह भैसके
अब उनलाई न्याय दिने हाम्रो जिम्मा आइसके ।

*कक्षा-७, पशुपतिनाथ मावि, मनहरी-४*

# प्रजातन्त्र गाऊ



✍सरोजप्रसाद साह

रगतले सिचिएको, प्रजातन्त्र गाऊ !
कर्म, निष्ठा, भव्यताको दिपक जलाऊ !!
चट्टान भए वीर हृदय, सम्झना त गाऊ !!!
गाऊ, नजाऊ, उत्सव मनाऊ !!!



क्रुरताको युगमा, अधिकार कहाँ पाइन्थ्यो ?
मानवता-मनुष्यलाई जिउँदै जलाइन्थ्यो ।
प्रजातन्त्र युगमा, प्रजातन्त्र गाऊ !
गाऊ, नजाऊ, उत्सव मनाऊ !!!



यो चन्द्र-सूर्य झण्डालाई, काँधमा सजाऊ !
गाउँ-गाउँबाट उठ, चेतना उठाऊ !!
पाखुरामा जोस भर, राष्ट्रकर्म गीत गाऊ !!!
गाऊ, नजाऊ, उत्सव मनाऊ !!!



पिजडाको पन्छि झैँ, जीवन उडाऊ !
तोडी सारा बन्धक, आकाश उडी जाऊ !!
प्रजातन्त्र, प्रजातन्त्र, प्रजातन्त्र मनाऊ !!!
गाऊ, नजाऊ, उत्सव मनाऊ !!!

# साताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५



**मेष राशिः** कार्यक्षेत्रमा खुशी र आनन्दको वातावरण बन्ला । स्वास्थ्य सबल बन्दै जाने योग छ। व्यापार– व्यवसाय त्यति सबल नबन्ला। मनोरञ्जनात्मक क्रियाकलापमा अलमलिएला । काममा बिलम्व होला । आफूभन्दा ठूलासँगबाट सहयोग लिँदा काममा पूर्णता प्राप्त होला। शिक्षादीक्षाका क्षेत्रका कामबाट लाभ प्राप्त हुने योग छ। अचानक यात्रा योग पनि बन्ला ।

**वृष राशिः** इष्टमित्र र दाजुभाइसँग सहयोग आदानप्रदान होला। श्रमिकले कार्यक्षेत्रबाट लाभ प्राप्त होला । पारिवारीक सम्बन्ध सुदृढ हुनेछ । प्रेमी/प्रेमिकाको मिलन होला । परोपकार र सामाजिक क्षेत्रका काममा समय व्यतित होला । परिश्रमको प्रतिफल मिल्ला । व्यापार–व्यवसाय मध्यमकारक छ। अध्ययन–अध्यापनको क्षेत्र ठिकै रहला ।

**मिथुन राशिः** आत्मविश्वासमा वृद्धि होला । अभिनय र कलात्मक विषयमा मन जाला । व्यक्तिगत कर्मका कारण प्रतिष्ठामा वृद्धि होला। नसोचेको ठाउँबाट धनागम हुनेछ । शेयर कारोबारबाट लाभ होला । मिष्ठान्न भोजन प्राप्त होला। सामाजिक र धार्मिक कृत्यमा सरिक भइएला। पढाइ–लेखाइ मध्यम नै मान्नुपर्दछ ।

**कर्कट राशिः** नयाँ योजना कार्यान्वयन होला । सहयोगी व्यक्तिको मद्धतले ताकेका कामहरु पूर्ण हुनेछन् । आत्मबल बढ्नुका साथै मानसिकतामा दृढता देखापर्ला । घरपरिवारसँगको सम्बन्ध ठिकै छ । कामको दायरा बढ्ला। इच्छाशक्तिले काममा लागिएला। मिहिनेतले प्रतिष्ठा प्राप्त होला। आध्यत्मिक जागरुक भइएला। पढाई ठिकै छ ।

**सिंह राशिः** दुःखको समाचारले मन बिचलित हुनेछ । भावना साटासाटले फाइदा पुग्ला । उतारचढाप दुवै रहेकाले मानसिक सबलता बनाउनु पर्ला । व्यापार–व्यवसाय ठिकै छ । समयमा काम गर्न नसक्दा आत्माग्लानी होला । पठनपाठनमा बाधा र अवरोध आइपर्ला। धार्मिक तथा सामाजिक काममा मन जानेछ ।

**कन्या राशिः** स्थिर सम्पत्ति र शेयर कारोबारमा लगानी गर्दा लाभ होला । बन्दव्यापारका कामहरु सुचारु हुनेछन्। धार्मिक तथा सामाजिक अनि साँस्कृतिक सभा समारोहमा सरिक भइने छ । पठनपाठन र प्राज्ञिक क्षेत्रबाट लाभ होला । अर्कोको भरको कामले घाटा हुनेछ। वैदेशिक रोजगारीमा खर्च बढ्ला।

**तुला राशिः** आय वृद्धि हुने समय छ। प्रतिस्पर्धीसँग विजय होला। जग्गा जमिनबाट लाभ होला । कर्मसिद्धि प्राप्त हुनेछ । महत्वकांक्षा बढ्नाले  घाटा होला । प्रशंसा र पुरस्कार प्राप्त होला। पारिवारीक वेमेल बढ्ला। आध्यात्मिक वा सामाजिक काममा सरिक भइने छ । अध्ययन–अध्यापन मध्यमकारक देखिन्छ ।

**वृश्चिक राशिः** आफन्त वा साथीभाइले निःस्वार्थ सेवा गर्ने छन् । सामाजिक र परोपकारी कामबाट प्रशंसा बटुल्न सकिने छ। बौद्धिक क्षेत्रका काममा सफलता प्राप्त होला । धर्मकर्म तथा समाज सेवामा मन जाला । परिश्रमले प्रतिष्ठा प्राप्त होला । पढाइ–लेखाइ ठिकै रहने छ।

**धनु राशिः** दुराशा र महत्वकांक्षाले केवल निराशा मात्र बढ्ला। हतारमा लिएको निर्णय गलत होला । धैर्य र संयमताका साथ काम गर्दा राम्रो होला । व्यापार र कारोबारमा मध्यमकारक छ। दुर्घटनाबाट बच्दा राम्रो होला। अचानक लाभ होला। पारिवारीक मतभेद बढ्ला। धार्मिक र सामाजिक काममा सरिक भइने छ।

**मकर राशिः** साझेदारी र सहकार्यका लागि सुन्दर समय छ। पारिवारीक रमाइलो बढ्ला। साहित्य र सङ्गीतमा मन जाग्ने छ। मायाप्रेम र अनुरागका लागि उपयुक्त समय छ । भोगविलासमा धन खर्च होला । शेयरकारोबारबाट घाटा होला । अध्ययन–अध्यापनमा मन जाला। परोपकार र सामाजिक काममा मन जाला।

**कुम्भ राशिः** आत्मबल, सुस्वास्थ्य र निर्णायक क्षमताका दृष्टिकोणले राम्रो दिन छ। सहानुभूति र आर्शीवाद लिएर अघि बढ्दा राम्रो हुनेछ। लेनदेनको कारोबार छ भने काम पुरा नहुन्जेल प्रतीक्षा गर्दा राम्रो रहन्छ । प्रतिष्ठा र मानमा वृद्धि होला । स्वास्थ्य क्षेत्रमा कमी कमजोरी बढ्ने समय योग रहेको छ।

**मीन राशिः** कला र गलाको प्रभाव बढ्ने समय छ। बौद्विक चिन्तन बढ्ला। विचार ले धेरलाई आकर्षित तुल्याउन सकिने छ । सकारात्मक चिन्तन बढ्ला । व्यक्तित्व विकास र शैक्षिक योग्यता बढाउन गरेको प्रयास सफल हुनेछ। प्रतियोगितामा सफलता प्राप्त होला। धार्मिक यात्रा योग हुने छ।

# जीवनमा के के हुनसक्छ ?



✍सुशान्त थापा

जीवनको मूल्य
अनेक हुनसक्छ जहाँ
समयको कदर हुनसक्छ

समयदेखि पर अस्तित्व हमेसा नभेटिन सक्छ
अमर भएका सहिदहरू
समयको कुन किनारमा पर्खिरहेका छन्
त्यो सुनौलो बिहानीलाई ?

मनभरिको आशाको स्वरुप
भरोसा हुनसक्छ

आँसु पिएर प्यास
नमेटिन सक्छ
एक पलको समय
साथ मिले अनन्त हुनसक्छ

मनको गीत मानवतासँग
मिल्न सक्छ
कसैको मुहारमा एउटा मुस्कानको फूल
सहयोगले फूलाउन सक्छ ।

विराटनगर, नेपाल

# विचार

*गीत*



✍डम्बर बिकेल

सादा जीवन उच्च विचार, उच्च विचार
रङ्गीन जीवन तुच्छ विचार, तुच्छ विचार

मरेपछि नि बाँच्छ जो असल कर्म गर्छ
खराब गर्ने लासै बन्छ जिउँदै नि मर्छ
सादा जीवन उच्च वचन, उच्च वचन
रङ्गीन जीवन तुच्छ वचन, तुच्छ वचन

जसले पुण्य गर्छ मृत्युपछि स्वर्ग जान्छ
पाप गर्नेलाई आफ्नै कर्मले नर्क लान्छ
सादा जीवन उच्च चरित्र, उच्च चरित्र
रङ्गीन जीवन तुच्छ चरित्र, तुच्छ चरित्र ।

## गाउँखाने कथा

१. नाच्दै खेल्दै आकाशबाट जमिनमा झरी, त्यसपछि कठैबरी मरी के हो ?
- शीत

२. सान्नानी गाई सारावन खाइ, कति नअघाई ।
- हँसियो

३. तरकारी कति मिठो, के होला छिटो, न्यूरो होलाकि त्यो !
- माछा

४. सानु सानु रुख, चढ्न भने दुःख के हो । भन भन विष्णु !
- त्यसको नाम सिस्नु

५. चार चुच्चो भएपनि मुख उसको बुच्चे पानीसँग पौडी खेली घामसँग सुत्छे जान्ने भए भन राजा के हो त्यसको नाउँ । नजानेमा दण्ड लाग्छ देऊ एउटा गाउँ ।
- रुमाल

हेटौँडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७



## एचएसएम एथ्लेट मिट सम्पन्न

# पुरुषतर्फ अधिकारी शीर्ष स्थानमा, महिलातर्फ दुलाल निर्विवाद च्याम्पियन



समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्टको एथ्लेट मिट सम्पन्न भएको छ । बिहिबार सुरु भएको एथ्लेट मिट शुक्रबार सम्पन्न भएको हो । शुक्रबार सम्पन्न भएको पुरुषतर्फको एथ्लेट मिटमा कक्षा-११ का विद्यार्थी कुशल अधिकारीले एथ्लेटिक्सको धेरै विधामा जित निकाल्दै शिर्ष स्थानमा पर्न सफल भएका छन् भने महिलातर्फको हर्डल दौडमा विआइएम पहिलो सेमेस्टरकी ऋिषिका दुलाल आफ्नो पराक्रम प्रदर्शनी गर्दै निर्विवाद च्याम्पियन बन्न सफल भएकी छिन् ।

महिलातर्फको ४ सय मिटर गुणा ४ रिले दौडतर्फ गौरीमाया तामाङको समूह प्रथम र पुजा गुरुवाचार्यको समूह द्वितीय भएकी छिन् । यस्तै शिक्षकको १ सय मिटर दौडमा आयुष भोम्जन प्रथम, अतित श्रेष्ठ द्वितीय र दीपक खड्का तृतीय भएका छन् । यस्तै महिला शिक्षकतर्फ एक सय मिटर दौडतर्फ इशा सिलवाल प्रथम, सपना गजुरेल द्वितीय र राधिका आचार्य तृतीय भएका छन् ।

यस्तै ४ सय मिटर गुणा ४ रिले दौडमा कुशल अधिकारीको समूह प्रथम, सुरज रेग्मीको समूह द्वितीय र अर्यान सिंह क्षेत्रीको समुह तृतीय भएको छ । पुरुषतर्फको हर्डल रेसमा अनुराग मैनाली प्रथम, कुशल अधिकारी द्वितीय र रोशन कुमार ठाकुर तृतीय भएका छन् । महिलातर्फको हर्डल रेसमा ऋषिका दुलाल प्रथम, अस्मि लिम्बु द्वितीय र प्रकृति बुढाथोकी तृतीय भएकी छिन् ।

पुरुषतर्फको दौडमा कुशल अधिकारी प्रथम, अकिलेश कुमार द्वितीय, अनि घले तृतीय, सुरज रेग्मी चौथो र रविन तामाङ पाँचौं भएका छन् । महिलातर्फको दौडमा गौरीमाया तामाङ प्रथम, राधा चौधरी द्वितीय, पूजा गुरुवाचार्य तृतीय, श्रेया कठायत चौथो र अमृता चौधरी पाँचौ स्थानमा पर्न सफल भएकी छिन् । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् ।

# हेटौँडा अस्पताललाई ९२ प्रतिशत अंक प्राप्त

समाज संवाददाता

हेटौँडाः हेटौँडा अस्पतालले ९२ प्रतिशत अंक प्राप्त गरेको छ । अस्पतालले विभिन्न मापदण्डको आधारमा एमएमएस स्कोर ९२ प्रतिशत हासिल गरेको चिकित्सा तथा रोग नियन्त्रण शाखा प्रमुख तथा स्वास्थ्य निर्देशनालयका डा. नविन दर्नालले जानकारी दिनुभयो ।

शुक्रबार हेटौँडा अस्पतालमा न्युनतम सेवा मापदण्ड फलोअप मापन कार्यक्रम भएको छ । बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयको आयोजना कार्यक्रम भएको हो । कार्यक्रममा न्युनतम सेवा मापदण्ड मुल्याङकन फलोअप मापन समितिले विभिन्न पक्षको आधारमा अस्पताललाई ९२ प्रतिशत एमएमएस स्कोर दिएर हरियो समुहमा राखेको छ । हेटौँडा अस्पतालले २०२३ मा ८९ प्रतिशत एमएमएस स्कोर पाएको थियो भने २०२४ मा ३ प्रतिशत बढाएर ९२ प्रतिशत हासिल गरेको हो । स्वास्थ्य सेवाको तयारी अवस्थाको मुल्याङकन र अस्पतालमा भएको समस्या पहिचान गरी समाधान गर्ने उद्देश्यले कार्यक्रम आयोजित भएको थियो ।

हेटौँडा अस्पतालले एमआरआई सेवाको सुचारु, फोहोरको व्यवस्थापन, स्तनपान कोठा, वार्डको राम्रो व्यवस्था नवितम कार्यहरु गरेको छ । कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री प्रमुख उत्तम जोशीको प्रमुख अतिथ्य रहेको थियो भने नेकपा एमालेका मकवानपुर जिल्ला कमिटी अध्यक्ष एका लाल श्रेष्ठको विशिष्ठ आतिथ्य रहेको थियो । यस्तै, कार्यक्रममा स्वास्थ्य निर्देशनालयका निर्देशक दिपक प्रधान तिवारी, स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्ण मिजार, हेटौँडा अस्पतालका मेसु रामचन्द्र सापकोटा लगायतका पदाधिकारीको उपस्थिति रहेको थियो ।

बागमती प्रदेशको राजधानी हेटौँडा भएको कारण हेटौँडा अस्पतालले धेरै दृष्टिकोणमा महत्व राख्ने बताउनु हुँदै प्रमुख अतिथि जोशीले अस्पताललाई सबै पदाधिकारीले सहयोग गर्नुपर्ने बताउनुभयो । मन्त्री जोशीका अनुसार मन्त्रालयमा बीमाको औषधी नपाएको तथा अस्पतालमा डाक्टरहरु समयमा नआउने गुनासो पुग्ने गरेको छ । हेटौंडा अस्पतालमा ३ सय ७३ कर्मचारी कार्यरत छन् । अस्पतालका मेसु सापकोटाका अनुसार अस्पतालले २०७९/०८० मा प्रतिदिन रेडियोग्राफिक छविहरुको औसत संख्या २ सय १२, प्रति दिन प्रयोगशाला परीक्षणहरुको औसत संख्या १ हजार ८ सय ८८ दशमलव ८ र प्रति दिन ओपीडी बिरामीहरुको औसत संख्या ५ सय ४१ दशमलव ५४ रहेको छ ।

# धादिङ र चितवनमा दुई जना मृत फेला

समाज संवाददाता

हेटौँडाः धादिङ र चितवन जिल्लामा दुई जना मृत फेला परेका छन् । बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले दिएको जानकारीअनुसार धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-३ मा एकजना पुरुष मृत फेला परेका हुन् ।

बिहीबार त्रिशुली नदिको किनारमा नाम थर नखुलेको अन्दाजी ३५ वर्षीय पुरुष मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि टिचिङ अस्पताल काठमाडौं लगिएको छ । यस्तै, चितवन जिल्लाको राप्ती नगरपालिका-२, गड्यौलीमा एकजना पुरुष मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । मृत फेला पर्नेमा ७१ वर्षीय नथुनी यादव रहेको प्रहरीले जानकारी दिएको छ । बिहीबार दिउँसो ४ बजेर १६ मिनेटको समयमा महोत्तरी जिल्ला औरही नगरपालिका-६ घर भई हाल जिल्ला चितवनस्थित सुरदेवी मन्दिर नजिकै कुटीमा मन्दिर रेखदेख गरी बस्ने यादव मृत फेला परेको प्रहरीले जनाएको छ ।

# निर्माण व्यवसायी महासंघको साधारण सभा हेटौंडामा

समाज संवाददाता

हेटौंडाः नेपाल निर्माण व्यवसायी महासंघको २५ औं बार्षिक साधारणसभा हेटौंडामा हुने भएको छ । महासंघको बार्षिक साधारणसभा आगामी चैत्र १६ र १७ गते हेटौंडामा हुने भएको हो ।

शुक्रबार पत्रकार सम्मेलानको आयोजना गर्दै निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलले जानकारी गराउनुभयो । निर्माण व्यवसायी संघ मकवानपुरको सहआयोजकत्वमा साधारण सभा हुन लागेको हो । साधारण सभामा देशका ७७ जिल्लाका प्रतिनिधि, महासंघमा आवद्ध साधारण सदस्य, एशोसिएट सदस्य र वस्तुगत सदस्य लगायत पर्यवेक्षकहरुले सहभागिता जनाउने छन् । सभामा करिव १ हजार ८ सय निर्माण व्यवसायीहरुले सहभागिता जनाउने छन् भने देश बिदेशमा नयाँ प्रबिधिको प्रयोग गर्दै आएका अन्तर्राष्ट्रियस्तरका ख्यातीप्राप्त निर्माण व्यवसायीहरुले हेटौंडाको भ्रमण गर्नेछन् ।

यसअघि काठमाडौं उपत्यकामा साधारण सभा हुने गरेकोमा यसपटक हेटौंडामा गर्न लागिएको अध्यक्ष कँडेलले बताउनुभयो । राष्ट्रियस्तका कार्यक्रम आयोजना गर्दा यस क्षेत्रको आर्थिक क्षेत्रमा सकारात्मक प्रभाव पर्ने उहाँले बताउनुभयो । पत्रकार सम्मेलनमा निर्माण व्यवसायी संघ मकवानपुर महासचिव राजेन्द्र प्रसाद चौलागाई, पुर्व अध्यक्षहरु आनन्दराम पराजुली, खड्क गोपाली लगायत संघका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

# जनप्रतिनिधिसँग विद्यार्थीको बहस




समाज संवाददाता

हेटौँडाः हेटौँडा-९, पशुपतिनगरस्थित हेटौँडा मोर्डन इंग्लिस आवासीय माध्यमिक विद्यालयका विद्यार्थीले जनप्रतिनिधिसँग बहस गरेका छन् । शुक्रबार विद्यालयमा बाल क्लबका अध्यक्ष रिजन अधिकारीको सभाध्यक्षमा तथा वडाअध्यक्ष सुकराम केसीको प्रमुख आतिथ्यमा बहस भएको हो ।

बहसमा कक्षा १० की एक छात्राले अहिलेको समयमा समाजमा बढी मात्रामा जाँड-रक्सी विक्री वितरण हुने गरेको भन्दै गुनासो गर्नुभयो । बहसमा वडाअध्यक्ष सुकराम केसीले आफ्नो भविष्य सवल बनाउनका लागि आफु तयार हुनुपर्ने बताउनुभयो । पढ्ने उमेरमा हरेक विद्यार्थीहरुले मोबाइल जस्ता विद्युतीय उपकरणको प्रयोग सीमित मात्रामा गर्नुपर्ने वडाध्यक्ष केसीको भनाई थियो । वडा कार्यालयले जागिर भन्दा पनि सीप दिने गरेको बताउनुभयो । उपमहानगरपालिकाले ज्येष्ठ नागरिकको सम्मान गर्ने उद्देश्यले प्रत्येक महिना निशुल्क स्वास्थ्य शिविर, निशुल्क बीमा, धार्मिक वितरण गर्ने गरेको बताउनुभयो ।

कक्षा १० की छात्र ओशिका गुरुङले वडा-९ लाई सुन्दर वडा बनाउने योजनाबारे गरेको प्रश्नका उत्तर दिनुहुँदै वडाध्यक्ष केसीले भन्नुभयो, "वडाको विभिन्न ठाउँहरुमा १ वर्षमा ठुलो संरचना निर्माण गर्ने, प्रत्येक ठाउँहरुमा लाइनहरु निर्माण गर्ने, गमलाहरु निर्माण गर्ने र सिसी क्याम्रा जडान गर्ने योजना छौं ।"

निजी विद्यालय अविभावक संघकी अध्यक्ष रमिला सापकोटाले सबै सञ्चारकर्मीहरुले सही ढंगबाट कलम चलाउन सकेमा देशमा सकारात्मक परिवर्तन आउन सक्ने बताउनुभयो । हरेक ठाउँहरुबाट विभेद गरेपनि आफ्नो लक्ष्यबाट पछाडी पर्न नहुने अध्यक्ष सापकोटाले बताउनुभयो । अहिलेको समयमा धनी विद्यार्थीहरुमात्र नभई सबै विद्यार्थीहरु संस्थागत विद्यालयमा पढ्ने गरेको बताउनुहुँदै उहाँले भन्नुभयो, "निजी क्षेत्रको विद्यालयहरुलाई पनि अगाडि लाग्नुपर्छ भन्ने कार्यमा सबै अग्रसर भएका छन् ।"

समाजलाई लागुपदार्थ दुर्व्यसनी जस्ता कार्यहरुबाट मुक्त बनाउन पहिले आफ्नो व्यक्तिगत जिवनमा सुधार ल्याउनुपर्ने उहाँले बताउनुभयो । वडा सहजकर्ता आशिष खतिवडाले २५ जना बालबालिकाहरुको निशुल्क स्वास्थ्य बीमाको घोषणा गरेको बताउनुहुँदै निजी क्षेत्रको विद्यालयलाई पनि अगाडि बढाउनुपर्ने बताउनुभयो । प्रहरी निरीक्षक दिनेश कुँवरले अहिलेको समयमा सबैभन्दा बढी साइबर अपराध हुने गरेको बताउनुभयो । पहिला साइबल अपराध न्यूनिकरण गर्न काठमाडौंमा जानुपर्ने बताउनुहुँदै अहिले साइब् अपराधसम्बन्धी मकवानपुरको जिल्ला प्रहरी कार्यालमै उजुरी दिन सकिने बताउनुभयो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक सुदीप बर्तौलाको पनि उपस्थिति रहेको थियो ।

# पर्खालले च्यापिएर प्लम्बरको मृत्यु

समाज संवाददाता

हेटौँडाः हेटौँडामा पर्खालले च्यापिएर प्लम्बरको मृत्यु भएको छ । शुक्रबार दिउँसो ४ बजेर १५ मिनेटको समयमा हेटौँडा-५, सिचाईटोलमा रामचन्द्र शर्मा देवकोटाको घरमा बस्ने ४० वर्षीय प्लम्बर बसन्त महर्जनको खानेपानीको काम गर्ने क्रममा पर्खाल ढलेर थिचिँदा गम्भीर घाइते भएका थिए । गम्भीर घाइते महर्जनलाई उपचारका लागि हेटौँडा अस्पताल पुऱ्याइएको थियो । हेटौँडा अस्पतालमा उपचारको क्रममा दिउँसो ४ बजेर ३९ मिनेटको समयमा महर्जनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी

### हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदकः- श्रीमान गोपाली        जग्गाधनी पोशाक फेर्ने गुठी
जोताहा मोहीः- चनक लौ

जिल्ला मकवानपुर हाल थाहा न.पा. १ बस्ने जगत बहादुर गोपाली को नाती सेते गोपालीको छोरा निवेदक श्रीमान गोपालीको माग निवेदन फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो जग्गा का.गु.सं. अन्तरगत पोशाक फेर्ने गुठीको हो । गु.सं. मा मेरा बाजे चनक लौ को मोहीमा दर्ता छ मैले हाल १ को २।७५ तिरी जोतेको छु भनी सहि गर्ने श्रीमान गोपाली पं. टि. वार्ड नं. टिस्टुङ वडा नं २ को कि.नं. ९०३ ज.रो १-८-२-१ जग्गाको पुर्जा प्राप्त नभएकाले पोशाक फर्ने गुठीको नाममा ज.ध. कायम तथा श्रीमान गोपाली मोही कायम गरी छुट जग्गा दर्ता गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उल्लेखित कित्ता जग्गामा माथी उल्लेखित हकदार बाहेक अरु कसैको हक लाग्ने भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस)दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुरबाजुर गर्न आउनुहोला अन्यथा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

## डढेंलोबाट बचौं र बचाऔं ।

- सलाई लाईटरजस्ता प्रज्वलनशिल वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगल मात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

पेम्बा लामा
वडा अध्यक्ष तथा
१३ नम्बर वडा कार्यालय परिवार

## रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाई हामीले दिएको एक युनिट रगतले तीनजनासम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले तीन–तीन महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य बिकल्प नभएकोले रक्तदान नै एक मात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थोत जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं

'आफूले पनि रक्तदान गरौ', 'अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौ',

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ